# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर , नवलपरासी (बर्दघाट ,सुस्ता पूर्व )

गण्डकी प्रदेश , नेपाल

## नदिजन्य पदार्थको लिलाम बढाबढ सम्बन्धि सुचना

(दोस्रो पटक प्रकाशित मितिः-२०८०/०६/१७)

यस नगरपालिकाको क्षेत्र भित्र रहेको तपसिलमा उल्लेखित स्थानमा रहेको निम्न परिमाणको नदिजन्य पदार्थ लिलाम बढाबढ गर्ने प्रयोजनको लागि इच्छुक (मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम घ वर्गको निर्माण ब्यवसाय सम्बन्धि ईजाजतपत्र) भएका फर्म/कम्पनीबाट देहायको समयभित्र https://bolpatra.gov.np/egp मार्फत बोलपत्र प्रक्रियामा सहभागी हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि. नं . | सुचना नं / बोलपत्र नं . | स्थान | परिमाण ( घ.मी.) | न्युनतम कबोल रकम ( सेवा शुल्क र मु .अ . कर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी ) |
|---|---|---|---|---|---|---|
| १. | DEV/NCB/GOODS/02/80-081(2nd time ) | देवचुली - १३ , १३ नं वडा कार्यालय नजिकै | ९०६७.७५ | रु ४३,३४,५६९.५४ | रु १२००००/- | रु ३०००.००/- |

### बोलपत्र सम्बन्धी शर्तहरु

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १५ औ दिन सम्म बोलपत्र खरिद गरी यस कार्यालयको दलदले स्थित NIC ASIA बैङ्कमा रहेको राजश्व खातामा रु.३००० (फिर्ता नहुने गरि) जम्मा गरि गरी १५ औ दिनको १२ बजे भित्र यस कार्यालयमा ई-बोलपत्र https://bolpatra.gov.np/egp मार्फत बुझाउनु पर्नेछ, १६ औं दिन सम्म प्राप्त बोलपत्रहरु सोही दिन १ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यलय प्रतिनिधिको रोहवरमा बोलपत्र खोल्न बाधा पर्नेछैन।

नि.प्रमुख प्रशासकीय अधिकृत

२. बोलपत्र फारम पेश गर्दा स्व-घोषणा सहित मू.अ.कर दर्ता प्रमाणपत्र, , आ.व. २०७९/८० को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम घ वर्गको निर्माण ब्यबसाय सम्बन्धि ईजाजतपत्र, फारम खरिद गरेको भौचरको स्क्यान प्रति पेश गर्नु पर्नेछ।

३. बोलपत्र फारम भरी पेश गर्दा आँफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट लेखि धरौटी रकम यस कार्यालयको दलदले स्थित NIC ASIA बैङ्कमा धरौटी खातामा रकम जम्मा गरेको सक्कल वैङ्क भौचर वा मान्यता प्राप्त बाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैङ्क बोलपत्र जमानतपत्र बोलपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अकं र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

<u>बैक खाता सम्बन्धि जानाकारी</u>

बैकको नामः- NIC ASIA दलदले शाखा

कार्यालयको नामः- देवचुली नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोडः- ८०४४६४०२

कार्यालयको खाता नं. ०७७२०५००२९१६५००२ ग.१.१अन्तरिक राजस्व खाता ( फारम दस्तुरको लागि)
०७७२०५००२९१५५००७ ग-३ स्थानिय तह धरौटी खाता (धरौटी रकमको लागि )

४. यस पूर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको/कार्यालय ले नियम अनुसार असुल उपर गरेको ठेकेदारबाट पेश गरेको बोलपत्रलाई मान्यता दिइने छैन तर बोलपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन।

५. कुल सम्झौता रकमको अंक बराबरको सम्पूर्ण रकम एकमुष्ठ यस नगरपालिकाको खातामा दाखिला पश्चात मात्र सम्झौता गरी निकासीको पट्टा प्रदान गरिने छ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई समायोजन गर्न पाइने छैन।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको मु.अ.क. (VAT) १३ % र अग्रिम आयकर (TDS) बापतको १.५ % रकम थप गरी कुल सम्झौता रकम कायम गरिने छ ।स्पष्टिकरण : स्वीकृत अंक भन्नाले मु.अ.क. र अग्रिम आयकर बाहेकको रकमलाई बुझ्नुपर्दछ, सम्झौता अंक भन्नाले कबोल अंक ,मु.अ.क. (१३%) र अग्रिम आयकर (१.५%) को जोड जम्मा रकमलाई बुझ्नु पर्दछ ।

७. कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन।

८. पेश भएका बोलपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

९. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त ठेक्का स्विकृती पश्चात सम्झौतामा उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह थप गरि लागु गर्न सकिने छ।

१०. यस सूचनामा संलग्न शर्तहरु पुरा नभएका वोलपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन । अन्य कुराहरु नेपाल सरकारको प्रचलित आर्थिक ऐन/सार्वजनिक खरिद ऐन/ नियेमवाली कानून बमोजिम हुनेछ ।

२०७९।३।१८

नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत